

# नेपालमा बालबालिका बेचबिखनबारे प्रारम्भिक अध्ययन

**२०८० असोज देखि २०८२ चैतसम्म**

**अध्ययन साझेदारहरू**

- **द एशिया फाउण्डेशन**
- **न्यु एरा**
- **शक्ति समूह**

**अध्ययन पद्धति**

- **गुणात्मक**
- **मात्रात्मक**
- **सहभागीतामुलक**

नेपालमा बालबालिका बेचबिखन र बालश्रम अन्तर सम्बन्धित रहेका छन् । गरिबी, सामाजिक कुरीति, लैङ्गिक हिंसा, कमजोर कानुनी संयन्त्रहरु, जटिल पञ्जीकरण प्रक्रिया तथा भारतसँगको अनियमित खुला सीमाले गर्दा पनि बालबालिका बेचबिखन र बालश्रम जटिल समस्या बन्दै गएको छ।
साथै वयस्क मनोरञ्जन क्षेत्र, इँटा भट्टा, गार्मेन्ट तथा कार्पेट उत्पादन, तथा घरेलु काममा हुने बाध्यकारी श्रमका अभ्यासले देशमा बालबालिका बेचबिखनलाई धेरै नै बढावा दिएको छ । नेपाल-भारत खुला सीमाना तथा दुई देशका नागरिकहरू बीचको पारिवारिक सम्बन्धका कारण र खुला सीमामा हुने सहज आवतजावतले गर्दा पनि सीमापारि बालबालिका बेचबिखनले निरन्तरता पाएको छ ।
नेपालमा बालबालिका बेचबिखनविरुद्ध विभिन्न अध्ययन भएको तथा सो विरुद्ध केहि पहल गरिएका भएता पनि यस्ता प्रयासहरु तथ्य र प्रमाणहरुमा आधारित रहेको देखिदैन, जसलाई सम्बोधन नगरी दीगो नतिजा प्राप्त गर्न सकिंदैन । बेचबिखनबारे नेपालको विद्यमान कानुनी संरचनाले सबै प्रकारका बेचबिखनलाई विशेषगरी वयस्क मनोरञ्जन क्षेत्रलाई अपराधका रूपमा परिभाषित गर्नबाट चुकेको छ । साथै प्रचलित कानुनको कार्यान्वयन फितलो रहेको कारण देशमा बालबालिका बेचबिखन तथा शोषणका नयाँ नयाँ स्वरूप देखा परिरहेका छन् ।

- **वयस्क मनोरन्जन क्षेत्रमा काम गर्ने श्रमिक (६०० जनामा गरिएको सर्भेमा) मध्ये १७ प्रतिशत नाबालिग छन् र ६२ प्रतिशत आफू बालबालिका छँदै यस क्षेत्रमा प्रवेश गरेका थिए । (द फ्रिडम फन्ड, सन् २०१९)**
- **इँटा भट्टाहरूमा काम गर्ने १,७६,३७३ श्रमिक मध्य १० प्रतिशत (१७,७३८)बालबालिका छन् (अन्तराष्ट्रिय श्रम संगठन, २०२१)**
- **नेपालमा ११ लाख बालश्रमिक छन् (श्रम शक्ति सर्वेक्षण, सन् २०१७ - १८)**
- **गार्मेन्ट उद्योगमा काम गर्ने कुल श्रम शक्तिको (२,६२४ जनामा गरिएको सर्भे) ो १ दशमलव ६३ प्रतिशत बालबालिका रहेका छन् (वर्ल्ड भिजन, सन् २०२१)**

## प्रभावकारी कार्यक्रम कार्यन्वयनका लागि प्रमाण

"नेपालमा बालबालिका बेचबिखनबारे प्रारम्भिक परियोजनाले बालबालिका बेचबिखनबारे तथ्याङ्क तथा प्रमाणहरु जुटाउने लक्ष्य राखेको छ । यस अध्ययनले प्रभावकारी, स्थानीय संस्कृति मैत्री तथा प्रतिक्रियात्मक पहलका कार्यक्रम तर्जुमा गर्न सघाउने विश्वास लिएको छ । यस अध्ययनले संख्यात्मक तथा गुणात्मक पद्धति प्रयोग गरी लक्षित वर्गको आर्थिक-सामाजिक तथा जनसाङ्ख्यिक गुणहरूलाई परिभाषित गर्नेछ । त्यसैगरी यसले बालबालिका बेचबिखन विरुद्धको अभियानमा अवरोध खडा गर्ने प्रणालीगत प्रभावहरू, सांस्कृतिक मूल्यमान्यता तथा शक्ति सम्बन्धहरूलाई पनि विश्लेषण गर्नेछ ।
यस अध्ययनले लक्षित क्षेत्रमा बालबालिका बेचबिखनका मूल कारणका परिवेशबारे बुझ्न विविध विचार र अनुभवका लागि स्थान उपलब्ध गराउनेछ । साथै प्रभावित केन्द्रित सिद्दान्त तथा आघात जानकार सिद्धान्तलाई आत्मसाथ गर्दै यस अध्ययनले लक्षित क्षेत्रमा आफू बालबालिका छँदै बेचबिखन भोगेका वयस्कहरू, बेचबिखनमा परेका बालबालिकाका परिवारका सदस्य, समुदायका अगुवा तथा सामाजिक कार्यकर्ताहरूको पर्याप्त परामर्श र सहभागिता सुनिश्चित गर्नेछ । बालबालिका बेचबिखनबाट प्रत्यक्ष प्रभाव भोगेका समूहहरूका आलोचनात्मक दृष्टिकोणहरू यस अध्ययनमा समेटिनेछ ।
द एशिया फाउण्डेशन तथा यसका साझेदारहरूले यस अध्ययन मार्फत सम्बन्धित सरकार तथा क्षेत्रगत सरोकारवालाहरुसँगको समन्वय तथा सञ्जाललाई सबलीकरण गर्न मार्गदर्शन दिने विश्वास राखेका छौं ।

## लक्षित प्रचार प्रसार

यस अध्ययनले नेपालमा बालबालिका बेचबिखन तथा बालश्रमलाई सम्बोधन गर्ने जनचेतना, पैरवी, सहकार्य तथा सम्भावित नीतिगत संवाद आदि अभिवृद्धि गर्नका लागि सान्दर्भिक ज्ञान सामग्री उत्पादन गर्ने लक्ष्य राखेको छ । भविष्यमा गरिने कार्यक्रम तथा पहलहरुका लागि यस अध्ययनका निष्कर्ष तथा सुझावमा मुख्य सरोकारवालाको पहुँच सुनिश्चित गर्ने उद्देश्यले यस अध्ययनले विस्तृत प्रचार-प्रसारको रणनीति अवलम्बन गर्नेछ । यस पहलमा विषय केन्द्रित स- साना नीतिगत वा विषयगत निचोड, अध्ययनका निचोडको कार्यकारी संक्षेप, स्थानीय भाषामा सूचनाचित्र प्रकाशन लगायत सरकारी तथा गैरसरकारी सरोकारवालाहरुसँग स्थानीय, प्रादेशिक तथा राष्ट्रिय तहमा छलफल तथा अन्तर्क्रिया अगाडी बढाईनेछ ।

**यो अनुसन्धान संयुक्त राज्य अमेरिकाको राज्य विभागको अनुदानबाट संचालित भएको हो । यहाँ उल्लेख गरिएको जानकारी लेखक[हरू] को अध्ययन,अनुसन्धान र विश्लेषणमा आधारित रहेका छन् । यसमा व्यक्त विचारले संयुक्त राज्य अमेरिकाको राज्य विभागको धारणा प्रतिबिम्बित गर्दैन।**